नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

Provincial and Local Governance Support Program (PLGSP)

**कार्यक्षेत्रगत शर्त (Terms of Reference)**

# स्थानीय तहबाट सेवा प्रवाहको लागि खर्च आवश्यकताको अध्ययन

# (Study on expenditure need for service delivery from LGs)

## १. परिचय/ पृष्ठभूमी:

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो। यो कार्यक्रम संघ,प्रदेश तथा स्थानीय सरकारको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा बढी केन्द्रित छ। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) यसको अवधारणामा एक नितान्त नवीनतम कार्यक्रम हो। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासनसम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यको लागि साझा संरचना (Framework) प्रदान गर्दछ। यसको साथै अन्य विकास साझेदारहरुबाट प्राप्त अनुदान कार्यक्रमहरूको समायोजन गर्दछ।

सङ्घीय संरचनामा नागरिकहरूको नजिकमा रहेका प्रदेश र स्थानीय सरकारको भूमिका राजनीतिक, सामाजिक, आर्थिक तथा प्रशासकीय पद्दति विकासको हिसाबले महत्बपूर्ण रहेको छ। समृद्ध नेपालको अपेक्षा अनुसार नागरिकहरूलाई विकासको प्रतिफल छिटो छरितो, कार्यकुशल तथा दिगो बनाउनुपर्ने दायित्व पनि यी दुवै सरकारको काँधमाथि रहेको देखिन्छ। यस पृष्ठभूमिमा प्रदेश तथा स्थानीय सरकारलाई संविधान तथा क्षेत्रगत कानूनले तोकेको कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नको लागि प्रदेश तथा स्थानीय तहको कार्यक्षमता अभिवृद्धि गरी सार्वजनिक सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन सघाउने उद्देश्यले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सञ्चालनमा आएको छ।

स्थानीय सरकारले नेपालको संविधानमा व्यवस्था भएको साझा अधिकार र एकल अधिकारका सूचीहरू तथा कार्यविस्तृतीकरणले निर्धारण गरेका विषयहरू कार्यान्वयन गरिरहेका छन्। नेपालको संविधानको अनुसूचि ८ र ९ ले स्थानीय तहको एकल तथा साझा अधिकारको कार्यसूचि उल्लेख गरेको छ। यस संवैधानिक प्रावधान अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ३ मा गाउँपालिका तथा नगरपालिकाहरूले गर्नुपर्ने विस्तृत कार्य जिम्मेवारीहरू उल्लेख गरिएको छ साथै संविधानमा नेपाल सरकार र प्रदेश सरकारले स्थानीय तहलाई खर्च आवश्यक्ताको आधारमा वित्तिय समानीकरण र राजश्व बाँडफाँड गर्नुपर्ने हुन्छ।

खर्च आवश्यकताको विषय सिद्दान्ततः संविधान र यो अन्तरगत बनेका कानूनले प्रदेश तथा स्थानीय तहलाई सृजना गरेको खर्चको दायित्व र ती निकायहरूलाई प्रदान गरिएको राजश्व अधिकारबाट उठ्ने राजश्वबीचको अन्तरले उत्पन्न हुने ऊर्ध्वगामी वित्तीय अन्तर (Vertical Fiscal Gaps) को सम्बोधनसंग जोडिएको छ।

स्थानीय तहहरूको सेवा प्रवाहलाई अझ प्रभावकारी, समावेशी र जवाफदेही बनाउन आवश्यक खर्चको पहिचान जरूरी हुन्छ, सोको आधारमा बजेट तथा श्रोतको व्यवस्थापन (strategic allocation of resources), क्षमता विकासका योजनाहरू (capacity development plan) र प्रभावकारी सेवा प्रवाह (effective service delivery) को व्यवस्थापन गर्न सकिने हुन्छ । खर्चको आवश्यकताको अध्ययनको आधारमा, ऋण,अनुदान तथा आन्तरिक श्रोतको परिचालनमा प्रभावकारी व्यवस्थापन गर्न मदत पुग्छ । सम्बन्धित स्थानीय तहहरूबाट प्रवाह हुने सेवाको प्रकार, सेवा वितरणको क्षेत्र र भौगोलिक अवस्था तथा योजना तथा बजेट परिचालनको अवस्था र खर्च गर्ने क्षमताले खर्चको आवश्यकताको अध्ययनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

यसै सन्दर्भमा, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) बाट स्थानीय तहहरूको खर्चको आवश्यकताको अध्ययन गर्ने कार्यक्रम रहेको छ।

**२.उद्देश्य:**

स्थानीय तहबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन र स्थानीय विकास निर्माणका कार्यहरूलाई प्राथमिकताका साथ सम्पन्न गरी स्थानीय जीवनस्तर उकास्न उचित खर्चको व्यवस्थापनको लागि खर्चको आवश्यकता अध्ययन गर्नु यसको उदेश्य रहेको छ।

यसको प्रमुख उदेश्यः: स्थानीय तहबाट सेवा प्रवाहको लागि खर्च आवश्यकताको अध्ययन गर्ने।

**३. औचित्य:**

जनताको घर दैलोको सरकारको हैसियतले स्थानीय सरकारले जनताको आवश्यकता परिपूर्तिका लागि पर्याप्त श्रोत साधनको व्यवस्थापन र परिचालन गर्नु पर्ने हुन्छ भने, विनियोजित रकमको संचालन र व्यवस्थापन गर्दा मितव्ययी, पारदर्शी, वित्तीय उत्तरदायित्व र मूल्यको सार्थकता (value for money) प्राप्त हुने गरी खर्च गर्नु पर्दछ।

यस सन्दर्भमा, बजेट तथा श्रोतको व्यवस्थापन (strategic allocation of resources), क्षमता विकासका योजनाहरू (capacity development plan) र प्रभावकारी सेवा प्रवाह (effective service delivery) को व्यवस्थापनको लागि तथा स्थानीय तहहरूको खर्चको आवश्यकताको अध्ययनले बजेटको विनियोजन, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तथा निर्णय प्रक्रियामा सघाउ पुर्याउने हुँदा स्थानीय तहको खर्चको आवश्यकताको अध्ययन जरूरी देखिन्छ।

खर्चको आवश्यकता अध्ययनले स्थानीय तहलाई उपलव्ध गराउने अनुदानको सीमा र क्षेत्र निर्धारण गर्न सहयोग हुने र यसले न्यूनतम राष्ट्रिय मापदण्डको स्थानीय सेवा प्रवाहमा समेत सहयोग गर्नेछ।

**४. परामर्शदाताले गर्नुपर्ने क्रियाकलापहरू:**

- खर्च आवश्यकताको सिद्दान्तको सम्बन्धममा राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन,
- खर्च आवश्यकताको सम्बन्धममा दस्तावेजहरुको अध्ययन,
- सरोकारवाला निकायहरूका पदाधिकारीसँग छलफलगरी खर्च आवश्यकताको सम्बन्धमा समस्या तथा सुझावहरू संकलन,
- स्थानीय तहको खर्च आवश्यकता अध्ययनको लागि आवश्यक आधारहरूको पहिचान ,